नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०११२
फ्यास नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

प.स.२०८२/०८३
च.नं.

मिति: २०८२/०५/३१
ने.सं. ११४५

## स्वच्छ र प्रतिस्पर्धी बजार सम्बन्धी सार्वजनिक सूचना।

कालीकोट जिल्लामा रहेका उद्यमी व्यावसायीहरुको बजारसँग सम्बन्धित गतिविधिलाई स्वच्छ, प्रतिस्पर्धी, अनुशासित, मर्यादित, जिम्मेवार र जवाफदेही बनाउन मिति २०८२।०५।३० मा बसेको सर्वपक्षीय बैठकले एकीकृत बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाउने निर्णय गरेकाले देहाय अनुसार गर्न/गराउन हुन सबैमा हार्दिक अनुरोध छ।

- व्यावसाय दर्ता/नवीकरण गरी व्यापार व्यावसाय गर्ने, मूल्य सूची सबैले देखे ठाउँमा राखे,
- वस्तु तथा सेवाको अस्वभाविक मुल्य नलिने,
- सबै कारोवारको विल विजक जारी गर्ने,
- म्याद गुज्रेका गुणस्तरहीन सामान बिक्री वितरण नगर्ने। बिक्री केन्द्रमा अनिवार्य रुपमा छुट्टै Expiry Zone को व्यवस्था गर्ने,
- सुर्तिजन्य/मदिराजन्य पदार्थ विक्रेताले अनिवार्य रुपमा छुट्टै इजाजत लिने,
- कृत्रिम अभाव नदेखाउने वा अनावश्यक Stocking गरी मूल्य बढाई अतिरिक्त लाभ नलिने,
- ग्राहक अनुसार मूल्य, परिमाणमा विभेद नगर्ने,
- भ्रामक प्रचार प्रसार गरी वस्तुको वास्तविक गुण लुकाई वस्तु तथा सेवा विक्री वितरण नगर्ने,
- विभिन्न रङ्ग, रसायन लगायतका अखाद्य वस्तुहरु प्रयोग गरी वस्तु उत्पादन, विक्री वितरण नगर्ने,
- ढक तराजु लगायतका नापजाँचका उपकरणहरुको नियमित परीक्षण गराउने,
- स्वास्थ्य संस्था र विद्यालय आसपासमा मदिरा र सुर्तिजन्य पदार्थ विक्री वितरण नगर्ने।
- प्याकेजिङ, लेवेलिङ्ग, मूल्य, उपभोग्य अवधि लगायतका विवरण स्पष्ट रुपमा खुलेका वस्तु तथा सेवा मात्र विक्री वितरण गर्ने,
- प्लाष्टिकजन्य प्याकेजिङ भएका वस्तु तथा सेवाको खपतलाई क्रमश घटाँउदै लैजाने,
- उत्पादन एवम् बिक्री केन्द्रबाट उत्सर्जन भएको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने,
- विधुतीय भुक्तानी लगायतका डिजिटल कारोवारलाई प्रोत्साहन गर्ने,

०५/३१
गोकर्ण राज सुयल
प्रमुख जिल्ला अधिकारी